कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# जुटपानी प्राथमिक स्वास्थ्य केन्द्र

## कालिका ६ ,चितवन

बाग्मती प्रदेश, नेपाल

## *औषधि खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना !!!*

### (प्रथम पटक प्रकाशित मितिः २०७६/११/०७)

१. यस जुटपानी प्राथमिक स्वास्थ्य केन्द्र चितवनमा संचालित फार्मेसीबाट बिकी बितरण गर्ने औषधिको सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकोले मिति २०७६।११।०७ देखि सूचना प्रकाशन भएको मितिले १५ औं दिनको १२ बजेभित्र दरभाउपत्र दर्ता गर्न इच्छुक व्यक्ति तथा फर्महरुको लागि औषधिको दरभाउपत्र आव्हान गरिन्छ । दरभाउपत्र सम्बन्धी फाराम रु.१०००। अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) तिरी चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५/७६ कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी **जुटपानी प्राथमिक स्वास्थ्य केन्द्र कार्यालय,कालिका नगरपालिका ६ खोलेसिमल चितवन** बाट दरभाउपत्र दर्ता गर्ने दिन भन्दा अघिल्लो दिन कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. आफैंले खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी सिलबन्दी गरी तोकिएको अवधिभित्र यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर **जुटपानी प्राथमिक स्वास्थ्य केन्द्र कार्यालय चितवनको चल्ती खाता नं.१३१०००३७३९१०** मा जम्मा गरेको सक्कलै भौचर वा 'क' बर्गको बैकबाट जारी भएको र दरभाउपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee. भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले कार्यालयले तोके अनुसारको कार्यालयको नामको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

५. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

६. आपूर्ति हुने औषधिहरु Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै औषधिको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।प्रत्येक Strip,ph,bottle,amp,vail र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र अधिकत्तम खुद्रा मूल्य उल्लेख भएको हुनुपर्नेछ । हरेक औषधि यस कार्यालयले तोकेको टेक्निकल स्पेसिफिकेसन पुरा गरेको हुनुपर्नेछ । औषधिको टेक्निकल स्पेसिफिकेशन **कालिका नगरपालिका कार्यालयको वेभसाइट** **www.kalikamunchitwan.gov.np** मा हेर्न वा डाउनलोड गर्न सकिनेछ ।

७. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्रदाताले उपलब्ध गराउने औषधि स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ ।

९. दरभाउपत्र मान्य हुने अवधि कम्तिमा ४५ दिनको हुनुपर्नेछ । दरभाउपत्र फाराममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

१०. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक ब्यक्तिको सही र छाप अनिबार्य रुपमा लागेको हुनु पर्नेछ । साथै दरभाउपत्रदाताले पेश गर्ने संपूण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

११. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी जुटपानी प्राथमिक स्वास्थ्य केन्द्र कार्यालय चितवनमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.नं | सूचना नं | बिबरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | **01/Medicines/JH/2076/077** | **औषधि खरिद** | १२९४१९७.१० | ३८८२६.०० | |